सरावल गाँउपालिका

नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः ९ | संख्याः८ | पौष महिना १४ गते, २०८२ |

**भाग २**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम सरावल गाउपालिकाको कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

सरावल गाँउपालिका

**नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ को प्रथम संशोधन २०८२**

**नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ को प्रथम संशोधन २०८२**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०९/११**
**प्रमाणीकरण मिति: २०८२/०९/१३**
**प्रकाशित मिति: २०८२/०९/१४**

**प्रस्तावनाः** सरावल गाउँपालिकाको नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ लाई संसोधन गर्न वाञ्छनीय भएकोले सरावल गाउँपालिका, नवलपरासीको मिति २०८२/०९/११ गतेको कार्यपालिका बैठकले यो कार्यविधिलाई संशोधन गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ को प्रथम संशोधन २०८२**" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ को दफा १५ मा (घ) थप गरिएको**

**घ) धरौटी सम्बन्धी व्यवस्थाः**-उत्खनन माटो परिमाणको लाग्ने राजश्व बराबरको रकम लाग्नेछ ।

**३. नीजि माटोको उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधी २०८१ को दफा १६ मा उपदफा (२) थप गरिएको**

(२) यस कार्यविधि बमोजिम अनुमति लिई कसैले निजी जग्गाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसारपसार तथा माछापोखरी निर्माण सम्बन्धी कार्य गर्दा अनुमति भन्दा बढीको माटो उत्खनन् गरेको पाईएमा बढी परिमाणको राजश्व रकम धरौटी रकमबाट जफत गरी कारवाही गरिनेछ ।

आज्ञाले,
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत